जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २१८  २०७७ साल चैत १९ गते बिहीबार (1 Apr. 2021 Thursday)  मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा कोरोनाको दोस्रो... ३ पृष्ठमा : राष्ट्रिय जनगणनाको ... ३ पृष्ठमा : भारतमा कोरोना भाइरस ...

# भुपु सैनिकहरुको सहायक शिविर सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**
भूपु सैनिक सम्मेलन २०७७ सहायक शिविर बुधबार राजविराजस्थित भिमदल गणमा सम्पन्न भएको छ ।

भिमदल गण राजविराजका गणपति प्रमुख सेनानी निरज भण्डारीद्वारा संचालित शिविरमा एक सय भुपु सैनिकहरुको उपस्थिति रहेको थियो ।

उक्त शिविरमा भरचुवल माध्यमले प्रत्यक्ष प्रसारण मार्फत मुख्य शिविर स्थलबाट प्रधान सेनापति लगायत रथिबृन्द र कल्याणकारी बोर्डका सदस्यहरुले सम्बोधन समेत गरेका थिए ।

शिविर सम्पन्नपछि भूपु सैनिकहरुलाई मण्डी, फष्ट एड किट, सल, पि-क्याप र सैनिक कल्याणकारिको कार्यक्रम पुस्तिकाका साथै दैनिक तथा भ्रमण भत्ता समेत वितरण गरिएको सो गणका प्रमुख सेनानी भण्डारीले जानकारी दिएका छन् ।

उनका अनुसार सप्तरी जिल्लामा ३ सय ९० भुपु सैनिक र एकल महिला भएपनि कोभिड-१९ का कारण सय जना मात्रको उपस्थिति रहेको थियो ।

यस्तै बुधबार सहायक शिविरमा अनुपस्थित भएका भुपु सैनिकहरुलाई बिहीबारबाट ती सामाग्रिहरु बितरण गरिने भिमदल गण राजविराजले जनाएको छ ।

# हराएका बालिका फेला परे

महोत्तरी, १८ चैत (रासस) ।
महोत्तरीको भङ्गाहा नगरपालिका-८ धर्मपुरमा हराइरहेका बालिका र किशोरीसहित सात जना बुधबार फेला परेका छन् ।

मंगबार दिउँसो घाँस काट्न गएर घर नफर्केका सातै जनालाई प्रहरीले सीमावर्ती भारतीय जिल्ला सीतामढीबाट उद्धार गरेको हो ।

सातै जनालाई भारतको सीतामढीस्थित रेल्वे स्टेशनबाट उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । भारतीय प्रहरीको सहयोग र समन्वयमा सातै जनालाई उद्धार गरी फर्काइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिनेश आचार्यले जानकारी दिनुभयो । घाँस काट्न गएदेखि बुधबार सीतामढीको रेल्वे स्टेशनमा भेटिनुअघि सम्मको कुरा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मङ्गलबार दिउँसो घाँस काट्न गएका १० देखि १८ वर्ष सम्मका सात बालिका सम्पर्कविहीन भएका थिए । दिउँसो घाँस काट्न गएका घर नफर्केपछि धर्मपुरमा कोलाहल मच्चिएको थियो ।

घाँस काट्न समूहमा निस्केका १० वर्षीया रञ्जना पासवान र सीमा पासवान, १३ वर्षीया ज्योति पासवान, १५ वर्षीया रिया पासवान र रचना पासवान एवम् १८ वर्षीया नगिना पासवान र अस्मिता पासवान बुधबार सीतामढीमा फेला परेका हुन् । सातै जनालाई बुधबारै परिवारजनको जिम्मा लगाइने प्रहरीले जनाएको छ ।




# हिन्दु राष्ट्र स्वाभिमान जागरण अभियानको सप्तरी समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**
हिन्दु राष्ट्र स्वाभिमान जागरण अभियानको सप्तरी जिल्ला समिति बुधबार गठन गरिएको छ ।

राजविराजमा सम्पन्न एक भेलाले रामाकान्त यादवको संयोजकत्वमा १० सदस्यीय जिल्ला समिति गठन गरिएको हो ।

गठित समितिका सदस्यहरुमा लक्ष्मी यादव, सत्यनारायण साह, विजय कुमार साह, सूर्य नारायण साह, रामअवतार यादव, कमल मेहता, कृष्ण नारायण चौधरी, शम्भु यादव र शत्रुघन प्रसाद चौधरी रहेका छन् ।

अर्काको नक्कल गर्दा आफ्नो सक्कली पहिचान हराउने भएकाले आफ्नो धर्म-संस्कृती, सभ्यता र कर्ममा अडिग रही बस्नु हो भन्दै अभियानको उद्देश्य रहेको जनाइएको छ ।

## सम्पादकीय

# कोरोनाप्रति हेलचक्राई नगरौं, गम्भिर होऔं

कोरोनाको त्रास पुनः बढ्दै गएको छ । दोश्रो चरणको कोरोना महामारीको सम्भावना बिस्तारै नेपालमा पनि बढ्दै गएको हो । माहामारीका बेला रोग नियन्त्रण तथा रोकथामका लागि सप्तरीमा पनि स्थानिय तहहरुले क्वारेन्टाइन तथा आइसोलेनश केन्द्रलाई पुनः संचालनमा ल्याउनेतर्फ हग्रसरता देखाउनु आवश्यक छ । पहिलो चरणको कोरोनाको त्रास केही स्थिर भएपछि पुरानो क्वारेन्टाइन तथा आइसोलेशन केन्द्रमा बिरामीको संख्या शुन्य भएपछि अहिले बन्द गरिएको छ ।

सप्तरी भारतीय सीमासँग टासिएको जिल्लाको हो । अहिले भारतमा कोरोनाको संक्रमण बढ्दै गएपछि सीमानाकामा कडाईका साथ निगरानी बढाउनु पर्ने बेला भएको छ । भारतबाट आउने व्यक्तिहरुको स्वास्थ्य जाँच गरेर मात्र नेपाल प्रवेश गराउनु पर्नेमा ध्यान जानुपर्दछ । क्वारेन्टाइन केन्द्रमा बाहिरी स्थानबाट आएकाहरुलाई १४ दिन राख्ने कार्य तथा परिक्षणबाट देखिने संक्रमित ब्यक्तिलाई आइसोलेशन केन्द्रमा उपचारका लागि पठाउने व्यवस्थापन गर्न पनि अति आवश्यक छ ।

कोरोना संक्रमितहरुप्रति गम्भिर भएर अहिलेदेखी नै उचित स्वास्थ्य व्यवस्थापन गर्न सकिए सो रोगप्रति नियन्त्रण गर्न सकिन्छ । तसर्थ महामारीको त्रास कायमै रहेको बेला कुनै पनि व्यक्तिले यसलाई हलुको रुपमा नलिईकन सतर्कता अपनाउनु अत्यन्त जरुरी छ । यसका लागि सबैले स्वास्थ्य सम्बन्धी निर्देशनलाई निरन्तरता दिनु आवश्यक छ ।

# नेपालमा कोरोनाको दोस्रो चरणको सम्भाबित लहर : एक सातामा ४० प्रतिशतले संक्रमण वृद्धि

काठमाडौं, १८ चैत्त ।

नेपालमा कोरोनाभाइरसको दोस्रो चरणको लहर आउने सम्भावना देखिएको छ । पछिल्लो एक सातामा कोरोनाभाइरसका नयाँ थपिने सङ्क्रमित ४० प्रतिशतले वृद्धि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले छिमेकी राष्ट्रमा कोरोना संक्रमण वृद्धि हुँदा त्यसको असर नेपालमा परेको जनाइएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका चिकित्सक डा. बिराज कर्माचार्यका अनुसार पछिल्लो तीन चार दिनदेखिको ट्रेन्डले कोरोनाभाइरसको सङ्क्रमण बढ्दै गएको र यसले दोस्रो लहर आउने हो की सम्भाबना बढेको छ ।

गत् सोमबारदेखि बुधबारसम्म दश हजार १८१ जनाको आरटीपीसीआर परीक्षण गरिएकोमा ४७० मा संक्रमण पुष्टि भएको छ । पछिल्लो चौबीस घण्टामा मात्रै तीन हजार ९१९ जनाको परीक्षण गरिएकोमा १६२ जनामा सङ्क्रमणको पुष्टि भएको छ ।

विगतमा भारतमा कोरोना सङ्क्रमण बृद्धि भएको एक महिनापछि मात्रै नेपालमा सङ्क्रमण बढेको 'ट्रेन्ड' देखिएको छ । भारतमा फागुन अन्त्यमा चौबीस घण्टामा थपिने सङ्क्रमित १२ हजारमा सीमित भएको थियो । तर एक महिना नबित्दै दैनिक रुपमा थपिने सङ्क्रमित करिब ६० हजार पुगेको छ । भारतमा तीन साताको तुलना गर्दा सङ्क्रमण वृद्धि दर पाँच सय प्रतिशतले बढेको देखिन्छ ।

डा. कर्माचार्यले अन्य छिमेकी राष्ट्रको अपेक्षा भारतमा देखिने सङ्क्रमण नेपालसँग सम्बन्धित रहेको बताउनुहुन्छ । उहाँले भारतमा सङ्क्रमण बढेको एक महिनापछि नेपालमा सङ्क्रमण बढेको 'ट्रेन्ड' देखिएको छ । चैत्त महिना यता कोरोना सङ्क्रमितको संख्या बृद्धि भएको छ ।

नेपालमा फागुन अन्त्यमा दैनिक सङ्क्रमित थपिने संख्या ४८ सम्म पुगेको थियो । दैनिक थपिने सङ्क्रमित हाद १५० भन्दा माथि पुगेको छ । फागुन १९ गते ७६६ जनामा कोरोनाभाइरसको सङ्क्रमण सक्रिय रहेकोमा बिस्तारै बढ्ने क्रममा एक महिनापछि उक्त संख्या दोब्बर भएको छ । हाल एक हजार ४९३ जनामा भाइरसको सङ्क्रमण सक्रिय छ ।

पछिल्लो एक सातामा मात्रै भारतमा ५९ प्रतिशतले सङ्क्रमण वृद्धि भएको छ । नेपाल र भारतमा मात्रै नभई दक्षिण एशियामै पनि कोरोनाभाइरसको सङ्क्रमण तीब्र रुपले बृद्धि भएको छ । बङ्गलादेशमा एक सातामा सङ्क्रमण ८४ प्रतिशतले वृद्धि भएको छ । पाकिस्तानमा सङ्क्रमित बृद्धि हुने दर २४ प्रतिशत छ ।

भारतमा पछिल्लो दुई सातामा मात्रै १४० प्रतिशतले सङ्क्रमण बृद्धि भएको छ । सोही अबधिमा बङ्गलादेशमा सङ्क्रमित संख्यामा २४३ प्रतिशतले बृद्धि भएको छ ।

**संक्रमण दर बढ्यो**

दोस्रो लहर आउने सम्भाबनालाई प्रती पीसीआर परीक्षणमा पुष्टि हुने सङ्क्रमणले समेत बल पुर्याएको छ । फागुन अन्तिम साता प्रति एक सय जनाको आरटीपीसीआर परीक्षण गर्दा एकदेखि दुईजनामा सङ्क्रमणको पुष्टि भएको थियो । तर तीन सातापछि उक्त तथ्याङ्क फेरिएको छ । हाल सङ्क्रमण दर चार पुगेको छ । प्रति एक सय जना परीक्षण गर्दा चार जनामा सङ्क्रमणको पुष्टि भएको छ । उक्त 'ट्रेन्ड' बढने अवस्थामा छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख बिशेषज्ञ डा. रोशन पोखरेलले खुला सिमानाले आवागमन खुकुलो हुँदा सङ्क्रमण बृद्धि भएको बताउनुहुन्छ । उहाँले आगमन रोक्न नसकिने अवस्थामा व्यवस्थित र सीमा प्रबेश गरेपछि अनिवार्य

*बाँकी तीन पृष्ठमा*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५

# राष्ट्रिय जनगणनाको तयारी तीव्र

काठमाडौँ, १८ चैत (रासस)।

राष्ट्रिय सरोकार समितिले राष्ट्रिय योजना आयोग र तथ्याङ्क विभागसँग आगामी जनगणनाको लागि भइरहेको तयारी र हालसम्मको कार्य प्रगतिबारे जानकारी लिएको छ।

समितिले गणकलाई प्रत्येक घरदैलोमा पुगेर वास्तविक तथ्यका आधारमा तथ्याङ्क सङ्कलन गर्ने कार्यमा कुनै कमी कमजोरी हुन नदिन आयोग र विभागको गम्भीर ध्यानाकर्षण गराएको छ। सरकारले आगामी जेठ २५ देखि असार ७ गतेसम्म बाह्रौं राष्ट्रिय जनगणना गर्दैछ।

समितिको बुधबारको बैठकमा सदस्यहरूले खासगरी बसाइँसराइ र विभिन्न पेशा व्यवसायमा संलग्न हुने सिलसिलामा शहर र विदेशमा जाने नागरिकको दोहोरो गणना हुनसक्ने सम्भावनालाई समयमै होस् पुऱ्याउन सुझाव दिनुभयो।

जनगणनामा शिक्षा, पेशा, बसाइँसराइका अतिरिक्त विदेशमा रहेका नेपाली र नेपालमा रहेका विदेशीको पनि गणना हुन आवश्यक रहेको बताउँदै उहाँहरूले सही तथ्याङ्क सङ्कलन गर्न गणकहरू प्रत्येक घरमा पुगे नपुगेको अनुगमन गर्ने प्रणालीसमेत आवश्यक रहेको उल्लेख गर्नुभयो। जनगणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्न ३९ हजार गणक तथा आठ हजार सुपरिवेक्षक परिचालन गरिने सो अवसरमा जानकारी दिइयो।

सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षताको संस्थागत विकास गर्ने बलियो आधार जनगणना भएको हुँदा सही तथ्याङ्क सङ्कलन गर्न सक्नुपर्छ भन्दै सदस्यहरूले सामाजिक रुपान्तरणका लागि कुप्रथाको जड र केन्द्रविन्दु मानिएका विषय पत्तालगाउने गरी फारम विकास गर्न सुझाव दिनुभयो।

कर र राजश्वलगायतका कारणले सही सूचना नदिने पाटोमा सुधार गर्दै जनगणनामा सबैलाई सहभागिताका लागि प्रेरित गर्न सुझाव दिनुभयो। महिलाले घरभित्र गरेका कामको मूल्यको गणना हुन आवश्यक रहेको बताउँदै उहाँहरूले मुलुकभर सेवा क्षेत्रमा भएको विस्तारको अवस्था कस्तो छ भन्ने कुरा पनि जनगणनामा आओस् भन्नुभयो।

नेपालले प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणना गर्दै आएको छ। प्रत्येक वर्ष असार ८ गतेलाई जनगणना दिवसका रूपमा मनाउने गरिन्छ। यस वर्षको जनगणनाको मूल नारा मेरो गणना : मेरो सहभागिता रहेको छ।

योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले राष्ट्रको विकास र समृद्धिको अभियानलाई अघि बढाउन ठिक तथ्याङ्क आवश्यक पर्ने भएकाले राष्ट्रिय जनगणनामार्फत सही तथ्याङ्क सङ्कलन गर्न आयोगले भगिरथ प्रयत्न गर्ने दृढता व्यक्त गर्नुभयो। तथ्याङ्क विभागका महानिर्देशक नेवीनलाल श्रेष्ठले स्थानीयवासीलाई प्रोत्साहन गर्न रोजगारमा संलग्न नभएका युवायुवतीलाई प्राथमिकता दिने उद्देश्यले दरखास्त आह्वान गरी गणक परिचालन गर्न लागिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "युवालाई गौरव बोध होस् भन्ने हेतुले विगतमा ९८ प्रतिशत शिक्षक परिचालन गर्दै आएकामा यस पटक ठिक विपरीत सोही प्रतिशत युवालाई गणनामा सहभागी गराउने व्यवस्था गरिएको छ।" शहरका उच्च वर्गको तुलनामा कम साक्षरता भए पनि दुरदराजका जनताले वास्तविक तथ्याङ्क उपलब्ध गराएर सहयोग पुऱ्याएको विगतको अनुभव सुनाउँदै महानिर्देशक श्रेष्ठले समाजका सवै तह र तप्कालाई राष्ट्रिय जनगणनामा सहभागी भई सहयोग पुऱ्याउन अपिल गर्नुभयो।

# आगामी आवमा नेपालको गार्हस्थ्य उत्पादन २.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण

काठमाडौँ, १८ चैत (रासस)।

विश्व बैंकले आगामी आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) २.७ प्रतिशतले वृद्धि हुने र त्यो अर्को आर्थिक वर्षमा ५.१ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। विप्रेषण आप्रवाहमा बढोत्तरी हुने अनुमानका आधारमा बैंकले जिडिपी बढ्ने प्रक्षेपण गरेको हो।

दक्षिण एसियाको अर्थतन्त्रबारे बैंकले बुधबार जारी गरेको अर्द्धवार्षिक क्षेत्रीय प्रतिवेदनअनुसार आर्थिक वर्ष २०२१/२२ मा बङ्गलादेशको कूल गार्हस्थ्य उत्पादन ३.६ प्रतिशतले, भारतको १० प्रतिशतले र पाकिस्तानको आर्थिक वृद्धि १.३ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। "आगामी वर्ष दक्षिण एसियाको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना छ र यस क्षेत्रको अर्थतन्त्र पुनरुत्थानको मार्गमा आउनेछ", प्रतिवेदनमा भनिएको छ।

कोभिड-१९ का कारण धेरै व्यवसाय प्रभावित भएका, राजश्व सङ्कलनमा कमी आएको तथा लाखौँ बेरोजगार भएका जनाउँदै प्रतिवेदनमा रोजगारीका अवसर अझै प्रभावित हुने, आम्दानी घट्ने र असमानता बढ्दै जाने प्रतिवेदनमा उल्लेख छ।




## नेपालमा कोरोनाको ...

क्वारेन्टिनमा बस्ने व्यवस्था कडाइपूर्बक लागू गर्नुपर्ने सुझाउनुहुन्छ।

कोभिड १९ को पहिलो लहर आउँदा तयार गरिएको क्वारेन्टिन तथा आइसोलेशन सेन्टर हाल अस्तित्वमा देखिन्न।

बुधवार बसेको स्वास्थ्य मन्त्रालयअन्तर्गत इन्सिडेन्ट कमाण्ड सिस्टमको बैठकले कोरोना परीक्षण गर्ने निजी र सरकारी गरी ८४ वटै प्रयोगशालालाई तयारी अवस्थामा राख्ने, आइसोलेशन निर्माणका लागि बजेट उपलब्ध गराउने र सङ्घ तथा प्रदेश मातहतका अस्पतालसँगै आधारभूत अस्पतालहरूमा पनि कोरोना सङ्क्रमितको उपचार गर्ने निर्णय भएको प्रवक्ता गौतमले जानकारी दिनुभयो।

यस्तै पीसीआर क्षमता बढाउने र काठमाण्डौ उपत्यका प्रवेश गर्नेहरूको आवश्यकताअनुसार परीक्षण र क्वरेण्टीनमा राख्ने काम सुरु गर्ने पनि बैठकले निर्णय गरेको छ।

मन्त्रालयले ठूलो सङ्ख्यामा मानिसको भेला पूर्णरूपमा रोक्न जुलुस, भिडभाड, सभा सम्मेलन गर्न नदिन सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरेको छ।

करणको व्यवस्थालाई पूर्ब तयारीको अवस्थामा राख्न उहाँले सुझाउनुभयो। तर मन्त्रालयका प्रवक्ता डा. गौतमले भने कोभिड १९ को सङ्क्रमण फैल्न नदिन सामाजिक दूरी बनाएर राख्नु, मास्क अनिवार्य लगाउनु र नियमति हात धुनु अझै महत्वपूर्ण रहेको बताउनुभयो।

एबिसी न्युजबाट

# विश्व समाचार

## भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या एक करोड २१ लाख नाघ्यो

नयाँदिल्ली, १८ चैत (रासस/सिन्ह्वा)।

भारतमा गत २४ घण्टामा ५३ हजार ४८० जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कूल सङ्क्रमितको सङ्ख्या एक करोड २१ लाख ४९ हजार भन्दा बढी पुगेको छ। सो अवधीमा कोरोना भाइरस सङ्क्रमणबाट ३५४ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको सङ्ख्या एक लाख ६२ हजार ४६८ जना पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ।

कूल सङ्क्रमितमध्ये पाँच लाख ५२ हजार ५६६ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने एक करोड १४ लाख ३४ हजार ३०१ जना सङ्क्रमणमुक्त भएका छन्। भारतमा जनवरी १६ बाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म ६ करोड ३० लाख भन्दा बढीले खोप लगाइसकेका छन्।

त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार सोमबारसम्म भारतमा २४ करोड ३६ लाख ७२ हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। मंगलबार एकै दिनमा दश लाख २२ हजारभन्दा बढीको कोरोना परीक्षण गरिएको समाचारमा जनाइएको छ।

## दक्षिण अफ्रिकामा मादक पदार्थको बेचबिखनमा प्रतिबन्ध

जोहानस्वर्ग, १८ चैत (रासस/सिन्ह्वा)।

दक्षिण अफ्रिकामा इस्टर होलिडेका क्रममा मादक पदार्थको बेचबिखनमा प्रतिबन्ध लगाइएको छ। दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले सो कुराको जानकारी दिनुभएको हो। उहाँले मङ्गलबार राति गर्नुभएको सम्बोधनका क्रममा सो जानकारी गराउनुभएको हो। दक्षिण अफ्रिकामा पनि पछिल्लो समयमा कोभिड १९ को संक्रमण बढ्दो रुपमा रहेको छ। यसैकारणले यहाँ मादक पदार्थको बेचविखनमा प्रतिबन्ध लगाइएको बताइएको छ। यहाँको इस्टर पर्वको हप्तामा मादक पदार्थको अत्यधिक मात्रामा बिक्री वितरण हुने गरेका र यहाँ पछिल्लो समयमा कोरोनाको संक्रमण बढ्दो रहेकोले पनि यो प्रतिबन्ध लगाइएको यहाँका अधिकारीहरुले जनाएका छन्।

यहाँ यो इस्टर्न होलिडे मनाउने क्रममा ठूलो संख्यामा मानिसहरु जम्मा हुने भएकाले ठूलो संख्यामा उनीहरुलाई भेटघाट र जम्मा हुन पनि प्रतिबन्ध लगाइएको बताइएको छ। यहाँ पछिल्लो महिना दिन यतादेखि नै कोभिडको खोप लगाउने काम पनि शुरु भएको छ। चीन र रसियाबाट ल्याइएको कोरोना विरुद्धको खोप दक्षिण अफ्रिकामा दिने गरिएको छ। यहाँको स्वास्थ्य सम्बन्धी निकायले दिएको पछिल्लो तथ्यांकअनुसार यहाँ कम्तीमा पनि १५ लाख मानिसलाई यो संक्रमण भएको छ। त्यसैगरी यहाँ कोरोना भाइरसको सङ्क्रमणबाट कम्तीमा पनि ५२ हजार जना मानिसको ज्यान गएको बताइएको समाचारमा उल्लेख छ। पछिल्लो समयमा युरोप र अमेरिकामाजस्तै यहाँ पनि कोरोना महामारीको दोस्रो लहर आएकाले त्यसबाट बच्न होटल रेष्टुरेन्ट आदिमा पनि सीमित मानिसहरु मात्र बस्न मिल्ने गरी प्रतिबन्ध लगाइएको छ।

## ब्राजिलमा कोभिड-१९ बाट एकै दिनमा तीन हजार ७८० को मृत्यु

साओ पाओलो, १८ चैत (रासस/सिन्ह्वा)।

ब्राजिलमा कोभिड १९ को सङ्क्रमणबाट एकै दिनमा तीन हजार ७८० जनाको ज्यान गएको बताइएको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले दिएको समाचारअनुसार यहाँ गत २४ घण्टामा तीन हजार ७८० जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भएको हो। योसँगै ब्राजिलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको संख्या ३ लाख १७ हजार भन्दा बढी पुगेको बताइएको ब्राजिलका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन्।

गत २४ घण्टामा ब्राजिलमा ८४ हजार ४९४ जना थप व्यक्तिमा कोरोना भाइरस संक्रमण देखिएपछि यहाँ कूल संक्रमितको संख्या यहाँका १ करोड २६ लाख ५८ हजार भन्दा बढी पुगेको पनि यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जनाएका छन्। ब्राजिलको स्वास्थ्य मन्त्रालयले मङ्गलबार दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुने प्रतिशत पनि दिन प्रतिदिन बढ्दै गएको छ। यहाँ कोरोनाको नयाँ प्रजातिको भाइरसको पनि प्रकोप देखिएको ती अधिकारीले जनाएका छन्।

ब्राजिलका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार यहाँका प्रति एक लाख जनामा ५ हजार ४८२ जनामा यो सक्रमण हुने गरेको छ। त्यस्तै यहाँका प्रति एक लाख जनसंख्या संक्रमणमा कम्तीमा पनि १५१ जनाको ज्यान जाने गरेको पनि बताइएको छ।

ब्राजिलको साओ पाओलो शहर शुरुदेखि नै यो सङ्क्रमणको एक किसीमले केन्द्रबिन्दुको रुपमा रहेको पनि पाइएको छ। यस शहरका स्वास्थ्य संस्थाहरु भरिएका छन् भने ती संस्थाका करीब ९१ प्रतिशत जति आकस्मिक कक्षहरु पनि भरिएका पाइएको छ।

त्यसैगरी यसअघि यहाँको मृत्यु दर पनि पहिले ६० वर्षभन्दा माथिका नागरिकको बढी रहेकोमा पछिल्लो समयमा भने यहाँ कोरोना संक्रमणबाट ६० वर्षभन्दा कम उमेरका नागरिकको मृत्युको दर बढेको पाइएको पनि बताइएको छ।

# सिटिजन्स बैंकद्वारा युएसडी ई-कम कार्डको सुरुवात




**दैनिक समाचारदाता**
**काठमाडौं, १८ चैत ।**

सिटिजन्स बैक इन्टरनेसनल लिमिटेडले युएसडी ई-कम कार्डको सुरुवात गरेको छ ।

नेपाल राष्ट्र बैंकले हालै जारी गरेको अन्तर्राष्ट्रियप्रिपेड कार्ड सम्बन्धी परिपत्रअनुसार बैकले सो सुविधा प्रदान गर्न लागेको हो ।

यस सुविधा अर्न्तगत ग्राहकहरुले आफ्नो सिटिजन्स बैंकको खातामा रहेको नेपाली रुपैयाँलाई सटही गरी एकै पटक वा पटक पटक गरी बार्षिक ५०० अमेरिकी डलर बराबर सम्मको रकम कार्डमालोड गर्न बैंक समक्ष अनुरोध गर्न सकिनेछ ।

युएसडी ई-कम कार्ड प्रयोग गर्न चाहने ग्राहकहरुले आफ्नो खातामा ग्राहक पहिचान केवाइसी बिबरण अद्यावधिक गरेको एवं प्यान कार्ड लिएको हुनुपर्ने छ । यस अर्न्तगत ग्राहकहरुले नेपाल र भारत बाहेकका देशहरुबाट अनलाईन मार्फत वस्तु तथा सेवाखरिद बापतको भुक्तानी गर्न यो कार्ड प्रयोग गर्न सकिने छ ।

कार्ड प्रयोग गरी एटिएमबाट नगद झिक्न तथा पोसमार्फत कारोबार गर्न भने नपाइने जनाइएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १६७ वटा शाखा, ११८ वटा ए.टि.एम. र १०७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट करिव साढे नौ लाख ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नविनतम प्रविधिको अधिकतम प्रयोग गर्दै आफ्ना आदरणीय ग्राहक महानुभावहरुको वित्तीय आवश्यकताहरु डिजिटली च्यानलको माध्यमबाट प्रदान गरिरहेको छ ।

यसलाई मूर्त रुप प्रदानगर्न बैंकले चेकको प्रयोग नगरी मोबाइल बैंकिङ्ग एपमा लग-ईन गरेर काउन्टरमा भएको क्यू आर कोड स्क्यान गरी खाताबाट रकमझिक्न स्क्यान एण्ड विथड्र सेवा, मोबाइल बैंकिङ्गको पिन नं बिर्सेमा बैंकको शाखामा गएर निवेदन दिने झन्झट नगरी घरबाटै पिन रिसेट गर्न सकिने जस्ता सेवाहरुको थालनि गरेको छ ।

यस प्रकारको सेवाबाट डिजिटल बैंकिङ्ग सभ्यताको विकासमा टेवापुग्ने विश्वास बैंकले लिएको छ । व्यवसायिक ज्ञानको कमि, वित्तीय बजारको यथार्थ जानकारी नहुनु, नीति, नियम र प्रणालीसंग परिचित नहुनु तथा व्यवसायिक तालिम र अभिमुखीकरणको अपर्याप्तता, उचित परामर्शको अभाव, वित्तीय साक्षरता र पहुँचको कमीले लगानी योग्य पुंजी सदुपयोग हुन नसकेको परिस्थितिलाई न्युनिकरण गर्न यस बैंकले वित्तीय साक्षरताका कार्यक्रमहरुका साथ साथै सुलभ र सहज तवरले सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएको छ ।

# सामुदायिक वनमा डढेलो

उदयपुर, १८ चैत (रासस) ।

उदयपुरको चुरे आसपासका डेढ दर्जन सामुदायिक वनमा डढेलो लागेको छ । एक हप्तादेखि लागेको डढेलो निभाउन नसकिँदा सो क्षेत्रका आधादर्जन गाउँ उच्च जोखिममा परेका छन् ।

त्रियुगा नगरपालिका क्षेत्रको सनुवा सामुदायिक वन लालपता, शाहीखोला र नवोउदय सामुदायिक वनमा डढेलो फैलिएपछि स्थानीयवासी, वनका कर्मचारी, प्रहरीको सक्रियतामा डढेलो नियन्त्रणमा आएको डिभिजन वन कार्यालय गाईघाटका सूचना अधिकृत जागेश्वर साहले जानकारी दिनुभयो ।

अहिले त्रियुगा नगरपालिकाको चुरे क्षेत्रमा लागेको डढेलो स्थानीयवासी, प्रहरी र वनका कर्मचारी मिलेर नियन्त्रण गरेका छन् । त्रियुगा नगरपालिका क्षेत्रको पश्चिम चुरे क्षेत्र र दक्षिण चुरे क्षेत्रका दर्जनौं सामुदायिक वनमा डढेलो बढ्दै गएको छ । सो आसपासका गाउँ उच्च जोखिममा छन् । डढेलो नियन्त्रणमा वनका कर्मचारी, स्थानीयवासी र प्रहरी खटिएका छन् । हावाहुरी चल्ने क्रम बढ्दै गएपछि डढेलो फैलिँदै गएको त्रियुगा नगरपालिका- २ सनुवाका कृष्ण राजधामीले बताउनुभयो ।जिल्लामा ३०० भन्दा बढी सामुदायिक वन छन् । चुरे क्षेत्रका सामुदायिक वन प्रायः गाउँसँग जोडिएका छन् ।

# नीति तथा कार्यक्रममा प्रदेश नं २ को शैक्षिक सुधारलाई प्राथमिकता दिइने

काठमाडौं, १८ चैत (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले सरकारको आगामी नीति तथा कार्यक्रममा प्रदेश नं २ को शैक्षिक सुधारलाई प्राथमिकता दिइने बताउनुभएको छ ।

प्रदेश नं २ को धनुषाका चारवटा स्थानीय तहमा पाँच वर्षदेखि सञ्चालित 'निक शिक्षा दिअ' (राम्रो शिक्षा देऊ) कार्यक्रमको केन्द्र स्तरीय अनुभव आदानप्रदानका लागि नर्वेली दूतावासको सहकार्यमा आसमान नेपाल र शिक्षा पत्रकार समाजले बुधबार आयोजना गरेको छलफल कार्यक्रममा मन्त्री श्रेष्ठले सो धारणा राख्नुभएको थियो । विगतमा प्रदेश नं २ को शिक्षा विकासमा गरिएका पहलको समीक्षा गर्दै अब कार्यक्रम तर्जुमा गर्दा स्थलगत र अनुसन्धानबाट प्राप्त सुझावलाई सम्बोधन गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

उहाँले सो प्रदेशका लागि नागरिकता, जन्मदर्ता निःशुल्क शिक्षा आदि संवैधानिक हकको कार्यान्वयनमा सरकार कटिबद्ध रहेको बताउनुभयो । उहाँले आधारभूत तहमा मातृभाषामा शिक्षा दिलाउन स्थानीय तहले पहल शुरु गनुपर्ने जनाउँदै भन्नुभयो, "एक्काइसौं शताब्दीको गुणस्तरीय शिक्षाका लागि योजना र कार्यान्वयन बनाउन आवश्यक छ । शिक्षा नीति ठीक नभएसम्म मुलुकको समृद्धि सम्भव छैन भन्नेमा हामी स्पष्ट छौं ।"

धनुषाको सबैला नगरपालिका, गणेशनाथ चारनाथ नगरपालिका, नगराइन नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिकामा सञ्चालित उक्त परियोजना ९२ विद्यालयमा गरी १७ हजार विद्यार्थीबीच कार्यान्वयन भइरहेको छ । परियोजनाले बालश्रम मुक्त गर्ने, शत्प्रतिशत विद्यार्थीलाई विद्यालयमा भर्ना गराई नियमितता गराउने, विद्यालय र घरमा बालमैत्री तथा लैङ्गिकमैत्री सिकाइ अभिवृद्धि गर्ने मुख्य लक्ष्य लिएको छ । ती क्षेत्रमा अहिले पनि ८४ जना फरक क्षमता (अपाङ्गता भएका) बालबालिका विद्यालय बाहिर छन् ।

परियोजनाबारे तेस्रो पक्षको मूल्याङ्कनकर्ता डा सोहन साह, लैङ्गिक समता विज्ञ कुसुम विष्ट, आसमान नेपालका कार्यक्रम व्यवस्थापक दीलिपकुमार यादवले प्रस्तुतीकरण गर्नुभएको कार्यक्रममा ती चार स्थानीय तहका प्रमुख र उपप्रमुखको उपस्थिति थियो । कार्यक्रममा शिक्षा मन्त्रालयका सहसचिव दीपक शर्मा, प्रदेश नं २ का शिक्षा विकास तथा विकास निर्देशनालयका निर्देशक चुडामणि फुयाँल, नेपाल शिक्षक महासङ्घका अध्यक्ष बाबुराम थापा, सामुदायिक विद्यालय व्यवस्थापन समिति राष्ट्रिय महासङ्घका अध्यक्ष कृष्ण थापालगायत केन्द्रस्तरीय निकायका प्रतिनिधि सहभागी हुनुभएको थियो ।


## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफू पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np